नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय
## साइबर ब्यूरो

फोन: ९८५१२८६७७०, ०१-५३१९०४४
Email: cyberbureau@nepalpolice.gov.np
भोटाहिटी, काठमाडौं

मिति: २०८१-०६-१६ गते।
ने.सं. ११४४ जलागा ३० बुधवार

# प्रेस विज्ञप्ति

## वैदेशिक रोजगारीमा हुँदा महिलाको चरित्र हत्या गर्ने फरार प्रतिवादी पक्राउ।

सामाजिक सञ्जालमा साथी बनी कुराकानीका क्रममा म्यासेञ्जर मार्फत गोप्य तस्विर साटासाट भएको र सामाजिक सञ्जालमा फेक आईडी बनाई उक्त आईडी मार्फत आफन्त तथा साथी भाइलाई ती गोप्य तस्विरहरू पठाई चरित्रहत्या गरेको सम्बन्धमा पीडित महिलाको निवेदन प्राप्त भई सो सम्बन्धमा ब्यूरोले प्राविधिक विश्लेषण र अनुसन्धान गर्दा उक्त कार्य गर्ने व्यक्ति जिल्ला सुर्खेत, गुर्भाकोट नगरपालिका वडा नं. ५ स्थायी वतन भई वैदेशिक रोजगारीका क्रममा मलेसियामा रहेको वर्ष २९ को खगेन्द्र यरी खुल्न आई निज उपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा मिति २०७९/०१/२३ गते यस ब्यूरोमा मुद्दा दर्ता भई फरारको सूचिमा रहेको र निजलाई इन्टरपोलद्वारा Red Notice समेत जारी भएकोमा वैदेशिक रोजगारीबाट नेपाल फर्कने क्रममा मिति २०८१/०६/१६ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचर सँगको समन्वयमा पक्राउ गरी अदालती कारबाहीको लागी आजै सम्मानित जिल्ला अदालत काठमाडौंमा पेस गरिएको।

उप-निर्देशक
(दिपक राज अवस्थी)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं. ९८५१२८६७७२